स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



'कार्साङ' जोडी दयाहाङ राई र सिर्जना निङलेखु एकपटक फेरि सँगै पर्दामा देखिने भएका छन् । नयाँ फिल्म 'मिरमिर'मा उनीहरुको जोडी बाँधिन लागेको हो । आइतबार निर्माण कम्पनी यार्सा फिल्म्सले सिर्जनालाई फिल्मको मुख्यमध्ये एक भूमिकामा अनुबन्धित गरेको जनाएको छ । दयाहाङ भने एक महिनाअघि नै अनुबन्ध भइसकेका छन् ।फिल्ममा अभिनेता प्रकाश सपूतको पनि मुख्य भूमिका रहनेछ ।

**आजको विचार...**



अब... (दुई पेजमा)

डा. गणेशप्रसाद घिमिरे



मिस पबीको रुपमा चिनिएकी पबित्रा साकी नयाँ फिल्म 'किन लाग्छ माया'मा मुख्य भूमिकामा देखिने भएकी छन् । निर्माता कम्पनी एस एण्ड एस प्रोडक्सनले उनीसँग लिखित सम्झौता गर्दै आइतबार फिल्म निर्माणको घोषणा गरेको छ । कुवेर तामाङको निर्देशन तथा मोनु खड्काको निर्माण रहने फिल्ममा पवित्रासहित धिरेन शाक्य, राजेन्द्र खड्की, मेघ सुवेदी, सञ्जीत भण्डारी, रिचा थापा, जाह्नवी बस्नेत, हिउँवाला गौतम, सविन बास्तोला, र वि डंगोल, गोपाल ढकाल, निरोज खुलाल, सम्रान्त थापा, भेग पहारी, विनोद ढकाल लगायतको अभिनय रहनेछ ।

❐ वर्ष ३० ❐ अंक ३२१ ❐ २०८२ असार २ गते सोमबार 16 June 2025, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### भारतमा हेलिकप्टर दुर्घटनामा ७ को मृत्यु

(रासस/एएफपी)

**देहरादून (भारत),** असार १/भारतमा आइतबार हिन्दू तीर्थयात्रीहरूलाई तीर्थस्थलबाट लैजाने क्रममा हेलिकप्टर दुर्घटना हुँदा बालकसहित सात जनाको मृत्यु भएको अधिकारीहरूले जनाएका छन् । बिहीबार पश्चिमी भारतीय सहर अहमदाबादको आवासीय क्षेत्रमा यात्रु विमान ठोक्किँदा कम्तीमा दुई सय ७९ जनाको मृत्यु भएकोमा आफन्तहरूले शोक व्यक्त गर्दा यो घातक दुर्घटना भएको हो । उत्तराखण्ड राज्यको केदारनाथ मन्दिरबाट उडान भरेको हेलिकप्टर दुर्घटनामा पाइलट र सबै छ जना यात्रुको मृत्यु भएको आपत्कालीन प्रतिक्रिया अधिकारी नन्दन सिंह राजवारले एएफपीलाई बताए । राज्यका मुख्यमन्त्री पुष्कर सिंह धामीले 'अत्यन्त दु:खद समाचार' पछि उद्धार टोलीहरू घटनास्थलमा पठाइएको बताए । जिल्ला पर्यटन अधिकारी राहुल चौबेका अनुसार खराब मौसमका कारण दुर्घटना भएको हुनसक्छ । केदारनाथ मन्दिर तीन हजार पाँच सय ८४ मिटर (११ हजार सात सय ५९ फिट) उचाइमा अवस्थित छ र गर्मीको समयमा यहाँ पहुँच सम्भव हुँदा तीर्थयात्रीहरूको भीड लाग्छ । हेलिकप्टर चार्टर फर्महरूको कुटीर उद्योग भारतीय हिमालयका तीर्थस्थलहरू भ्रमण गर्न चाहने तर कठिन पदयात्राबाट बच्न रुचाउने धनी तीर्थयात्रीहरूलाई सेवा दिन विकसित भएको छ ।

# सक्षम बन्दैछन् तानसेनका महिला जनप्रतिनिधी

**कृष्ण पोखरेल**

**पाल्पा, असार १**/तानसेन नगरपालिकाका महिला जनप्रतिनिधीहरु अहिले सक्षम, क्षमतावान बन्दै नेतृत्व विकासमा जुटेका छन् । नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान २०७२ ले पालिकाको प्रमुख वा उप-प्रमुख मध्ये एक जना महिला र प्रत्येक वडामा वडा अध्यक्षसहित पाँच जना निर्वाचित सदस्यहरुमध्ये एक जना खुला र दलित गरी दुई महिला सदस्य अनिवार्य हुने गरी जनप्रतिनिधीको व्यवस्थाले महिलाहरुलाई नेतृत्वमा आउन बाटो सहज भएको छ ।

संविधान तथा कानुनमा महिलाको संख्या ३३ प्रतिशत पुर्‍याउने व्यवस्था कायमसँगै राजनीति तथा जनप्रतिनिधीमुलक संस्थाहरुमा महिलाको संख्या बृद्धि भएको छ । महिला जनप्रतिनिधीहरुलाई विभिन्न समयमा हुने क्षमता विकास तथा नेतृत्व विकास कार्यक्रमहरुले मनोवल बृद्धि गरेको छ । विभिन्न सरकारी तथा गैर सरकारी संस्थाबाट हुने क्षमता विकासका कार्यक्रमहरुले महिला, अपाङ्ग, पिछडिएको



बर्ग, समुदायमा भएका समस्याहरुको पहिचान र समाधान गर्न तानसेनका जनप्रतिनिधी महिलाहरु सक्षम बन्दै गएका छन् । ऐन, नियम कानुनमा राज्यबाट प्राप्त सेवा सुविधाबाट बञ्चित भएका महिलाहरुको अधिकार दिलाउने काममा समेत महिला जनप्रतिनिधीहरु अग्रसर देखिन्छन् । महिला जनप्रतिनिधीहरुमा निरन्तर क्षमता विकाससँगै भएको नेतृत्व विकासले अबका दिनमा जुनसुकै पदीय जिम्मेवारीमा निर्धक्क भएर काम गर्न सक्ने हैसियमा पुगेका छन् ।

**नेतृत्व विकासमा अब्वल बन्दै**

नगरपालिकाको ७३ जनाको जनप्रतिनिधीहरुको निर्वाचित वोर्ड संरचनामध्ये उपप्रमुखसहित ३३ जना महिलाहरुको संख्या रहेको छ । नगरपालिकाको १४ वटा वडाबाट महिला र दलित गरी २८ जना महिलाहरु निर्वाचित भएका छन् भने वडा नं. ३, वडा नं .६ र वडा नं. १२ बाट खुला सदस्यमा महिला सदस्य निर्वाचित भएका छन् । एक जना दलित महिलालाई तानसेन नगरपालिका बोर्डले कार्यपालिका सदस्यमा मनोनिति गरेको छ । तानसेन नगरपालिकाको बोर्डमा ३३ जना महिला मध्ये खस आर्यमा ८ जना, जनजातीमा ८ जना र दलित १७ जनाको प्रतिनिधित्व तानसेन नगरपालिकामा रहेको छ । जनप्रतिनिधीमा सबैभन्दा बढी उमेर वडा नं. ६ की गोमा गैरे र सबैभन्दा कम उमेरकी वडा नं. ८ की अनिता सोमै रहेका छन् । बढी उमेरकी गैरै देखी कम उमेरकी सोमै सम्मका महिला जनप्रतिनिधीहरुले आ-आफ्नो काम र जिम्मेवारीमा सक्षम बनेका छन् । नगरपालिकामा ३३ जना महिला जनप्रतिनिधीहरु मध्ये एक जना उपप्रमुखसहित ६ जना कार्यपालिका सदस्य रहेका छन् । ६ जना कार्यपालिका सदस्यमध्ये, ३ जना दलित, ३ जना ब्राह्मण, क्षेत्री रहेका छन् । ६ जना महिला कार्यपालिका सदस्यहरु एक दिन पनि कार्यपालिकाको बैठकमा अनुपस्थित भएका छैनन् । नगरका सबै महिला जनप्रतिनिधीहरु विभिन्न विषयगत समितिमा बसेर सक्रिय भूमिका निर्वाह गर्दै आएका छन् । तानसेन नगरका ३१ जना महिला जनप्रतिनिधीहरुले वडा वडामा कार्यवाहक प्रमुख तथा निमित्त प्रमुखको जिम्मेवारी समाल्दै आएका छन् । महिला जनप्रतिनिधीहरुले गरेका वडाको जिम्मेवारीमा आजसम्म कुनै विवाद आएको छैन् । महिला जनप्रतिनिधीहरुले गरेका कामहरु कुशलतापुर्व गर्दै सफलतामा पुर्‍याएका छन् ।

**काममा परिपक्वता**

नगरपालिकामा २०७९ सालको स्थानीयतहमा निर्वाचनमा निर्वाचित ३१ जना महिलाले नगरको १४ वटा वडाहरुमा कार्यवाहक वडा अध्यक्षको जिम्मेवारीमा काम गर्ने अवसर पाएका छन् । *-बाँकी अन्तिम पेजमा...*

## लुम्बिनीले ल्यायो ३८ अर्ब ९१ करोडको बजेट





**पाल्पा,** असार १/लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि ३८ अर्ब ९१ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको छ । आइतबार लुम्बिनी प्रदेशसभाको छैठौं अधिवेशनको तेह्रौं बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले सो बजेट सार्वजनिक गरेका हुन् ।

जसमध्ये चालुतर्फ १२ अर्ब १ करोड ४७ लाख ८६ हजार अर्थात् ३० दशमलव ८८ प्रतिशत र पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार अर्थात् ६० दशमलव ३२ प्रतिशत विनियोजित छ । वित्तीय हस्तान्तरणका लागि ३ अर्ब ४२ करोड ३७ लाख ४९ हजार अर्थात् ८ दशमलव ८० प्रतिशत अनुमान गरिएको छ । लुम्बिनी प्रदेश सरकारले समृद्ध लुम्बिनी : खुसी नागरिकको दिर्घकालिन आकांक्षा हासिल गर्ने संकल्प गरेको छ । जस अन्तरगत कृषिमा उत्पादन र उत्पादकत्व बृद्धि, गुणस्तरीय शिक्षा र स्वाथ्य सेवामा पहुँच, उद्यमशिलता विकास, दिगो पूर्वाधार विकास, सामाजिक न्याय सहितको समावेशी विकास र उत्पादनशील रोजगारी सिर्जना गर्दै आर्थिक असमानता र गरिबी न्यूनीकरणमा सहयोग पुग्ने गरी बजेटले प्राथमिकतामा राखेको छ । उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्न गरिबी न्यूनिकरण तथा आर्थिक असानता घटाउनेगरी बजेट तथा कार्यक्रमलाई केन्द्रित गरिएको जनाइएको छ ।

## धुर्कोट–इस्मा जोड्ने झोलुङ्गे पुल निर्माण

**तम्घास (गुल्मी),** असार १/गुल्मीमा दुई गाउँपालिका जोड्ने झोलुङ्गे पुल निर्माण गरिएको छ । जिल्लाको पश्चिम क्षेत्रका धुर्कोट र इस्मा गाउँपालिका जोड्ने गरी तीन सय ७० मिटर लामो झोलुङ्गे पुलको निर्माण गरिएको हो ।

छल्दी खोलामाथि निर्माण गरिएको पुलले धुर्कोट गाउँपालिकाको वस्तु र इस्मा गाउँपालिकाको अम्मरपुर जोड्छ । एक करोड ८४ लाखको लागतमा सस्पेन्सन ब्रिज डिभिजन ललितपुरमार्फत निलगिरी निर्माण सेवा प्रालिले पुल निर्माण गरेको हो । एकैपटकमा झण्डै आठ सय नागरिकले आवतजावत गर्न सक्ने क्षमता पुलको छ । झोलुङ्गे पुलले बिचित्र गुफालाई राजमार्गबाट नजिक बनाएको छ । त्यसैगरी हिमालय माविका विद्यार्थीलाई विद्यालयसम्म आवातजावत गर्न, घाँस,



दाउरा गर्न एवं स्थानीयको दैनिकीमा सहजता आएको छ । "केही वर्ष पहिले खोला तर्ने क्रममा पाँच वर्षीय बच्चालाई आमाकै काखबाट खोलाले बगाएको थियो, बच्चालाई हामीले हुलाकेमा मृत फेला पारेका थियौं", स्थानीय बोमलाल भण्डारीले भने, "अहिले पुल बनेको छ, हाम्रो दैनिकी फेरिएको छ ।" उनले पुलले वस्तु र अम्मरपुरका धेरै नागरिकलाई प्रत्यक्ष फाइदा पुगेको बताए । धुर्कोट गाउँपालिका-५ को वस्तुमा प्राकृतिक रूपमै बिचित्रको गुफा छ । यो पुलले मदन भण्डारी राजमार्गअन्तर्गत तम्घास-सिमलटारीबाट नजिक बनाएपछि आन्तरिक तथा बाह्रय पर्यटकलाई पनि सजिलो भएको छ । राजमार्गबाट पाँच मिनेटमा पुल तरेपछि १० मिनेटमा बिचित्र गुफा पुग्न सकिने भएको छ । छल्दीखोला झोलुङ्गे पुल लामो भएकाले आन्तरिक पर्यटनमा समेत टेवा पुगेको छ । लामो तथा अग्लो स्थानमा निर्माण गरिएको पुलका कारण दैनिक घुम्न, हावा खान र फोटो खिचाउन आउनेको घुइँचो लाग्ने गरेको वडाध्यक्ष केशवराज भण्डारीले जानकारी दिए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विपद्प्रति समयमै सतर्कता

बर्सात सुरु भएको छ । मनसुनसँगै खण्ड र तेज वृष्टि पनि देखिन थालेको छ । खण्ड तथा असन्तुलित वर्षाले एकै पटक बाढी आउने प्रवृत्तिसमेत व्यापक हुन सक्ने छ । नेपालमा हावा हुरी, चट्याङ, बाढी पहिरो, भूकम्प, आगलागी, दुर्घटना र स्वास्थ्यको प्रकोपको जोखिम रहेको छ । दुर्घटना र भूकम्पको प्रकोप जतिबेला पनि हुन सक्ने तर वर्षा सुरु हुनुअघि हावा हुरी, आगलागी र चट्याङ र स्वास्थ्यको प्रकोप जोखिम हुने गर्दछ । वर्षाको समय प्रायः असारदेखि भदौसम्म एक सय बीस दिन खतरा वा जोखिम हुने समयका रूपमा लिइन्छ । हाम्रो भूबनोट र प्राकृतिक कारण हावा हुरी, आगलागी, चट्याङ, स्वास्थ्यको प्रकोप र वर्षा हाम्रा लागि निकै चुनौती र कष्टकर हुनेमा द्विविधा छैन् ।

खोला किनार र आसपासका बस्ती केही वर्षा हुना साथ डुबानमा पर्ने गरेका छन् । यस्तो अवस्था एक दुई दशकयताकै प्रवृत्ति हो । बर्खायाम सुरु हुनासाथ विशेष गरी तराई र ठूला सहरी क्षेत्रमा डुवानले सताउने गर्दछ । तीव्र सहरीकरणसँगै बाढी, डुबान प्रकोप बढ्दो छ । वैज्ञानिक र प्राविधिक योजनाबिना नै विस्तार भएका सहरी बस्तीमा बर्सातमा बाढीको प्रकोपले वितण्डा मच्याउने गर्दछ । प्राकृतिक प्रकोप बाजा बजाएर आउँदैन र कुनै स्थान र क्षेत्र तोकेर आउँदैन । यो आकस्मिकता भए पनि थोरै सावधानी अपनाउँदा जीवन जोगाउन सकिन्छ । तर पर्याप्त सावधानी नअपनाउँदा अकालमा जीवन जाने गरेको छ भने करोडौंको भौतिक क्षति हुने गरेको छ । यस्ता प्राकृतिक विपत्तिको दीर्घकालीन समाधान नखोजिदा वर्षौ पिच्छे एउटै समस्याबाट पीडित हुनुपरेको अवस्था छ । नेपालमा स्थानीय, प्रदेश र संघीय गरी तीन तहका सरकार छन् । तर प्राकृतिक जस्तो विपत्तिबाट आमजनतालाई जोगाउने र भौतिक क्षति कम हुने दिशामा एकरत्ती पनि सोंचेका छैनन् । विपद् जस्तो संवेदनशील विषाय सरकारको प्राथमिकतामा पर्दैन । बर्खाको समयमा कति बेला कहाँ के हुन्छ कसैलाई थाहा हुँदैन । तर विपद् आउनुपूर्व नै विशेषा सावधानीका उपायहरु अवलम्बन गर्न सकियो भने केही हदसम्म भएमा पनि क्षति हुनबाट बचाउन सकिन्छ । तसर्थ विपद्प्रति समयमै सतर्कता अपनाउन जरुरी छ ।

### Opinion @ Social Network

सफलता खोज्दा खोज्दै जिन्दगीको यात्रा नै समाप्त हुन लागि सक्यो
यहा अझै गन्तव्यको टुङ्गो लागेको छैन ।
(**पवन धामीकोफेसबुक स्टाटस**बाट https://www.facebook.com/Pawan .Dhami)

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अब स्वदेश फर्कौं कि ?



डा. गणेशप्रशाद घिमिरे

*विदेशी भूमिमा सपना बोकेर गएका नेपालीले जुन अवस्था भोग्नुपरेको छ त्यसले नेपालीको पहिचानलाई गतिशील बनाउन सकेको देखिएन । हुन त विदेशमा बसेर नेपाली, नेपालको राजनीति र नेपालको वर्तमान अवस्थालाई सत्तोसराप नगर्ने मानिस पनि नभएका होइनन् । उनीहरूले बिहानै उठेर देशको हालत र देशको अवस्थालाई सत्तोसराप नगरेका होइनन् । उनीहरूलाई मानौं राज्यले नै पठाएको जस्तो । आफ्नो इच्छा र चाहनाले विदेशमा गएका उनीहरूले कानुनी राज्यको राजनीति, पसिनाको मूल्य पाएका छन् । विद्यार्थी जीवनमा नै धन कमाउन सक्ने अवस्थालाई भोगेका छन् । त्यसैले नेपालको राजनीतिलाई देखेर सत्तोसराप गर्नुलाई नेपालप्रतिको माया भन्ने जमातको अभाव पनि कम छैन । देशले केही दिएन र विदेशिनुपरेको रटान तिनका जिब्रामा झुण्डिरेको देखिन्छ । आजका युवा सदा सपनाको महलमा बाँचेका छन् । तिनका सपना साना छैनन् । उनीहरूका चाहलाई आजको नेपालमा दिइने सरकारी तलबले पूरा गर्न सक्दैन ।*

माधवप्रसाद घिमिरेको नवयुवक कविताका हरफ हुन् यी । कविताका क्षेत्रमा राष्ट्रकविका रूपमा परिचित घिमिरेले नवयुवक होइन नेपाली तरुणहरूलाई सम्बोधन गरेका छन् । विदेशको भूमिमा कहिलेसम्म रम्ने हो र ? स्वदेशमै बसेर जीवनको महवपूर्ण समयलाई सदुपयोग पो गर्ने हो कि ? तिमीसित कालसित जिस्कने हौसला छ । तिमीसित पर्वतलाई उठाउने क्षमता छ । तिमीसति इन्द्रको व्रजलाई रोक्न सक्ने पहिचान छ । तिम्रा कारण देशका कतिपय तानाशाहहरू हारे । आऊ स्वदेशमा नै संघर्ष गर । यही अभिव्यक्ति हो माधवप्रसाद घिमिरेको । उनले युवालाई देशका लागि संघर्ष गर्न आफवान गरेको देखियो । देशमा बस । देशका लागि अर्पण होऊ । तिमी जस्ता युवाले गर्दा देश नयाँ बाटोमा फर्कन सक्छ । तिमी जागेमा देशले काँचुली फेर्नेछ । सामजका र समाजमा अव्यवस्थित बनेर रहेका सबै कर्महरू समाप्त हुनेछन् । समाजका सामाजिक मान्यता तिमीले गर्दा नै परिवर्तन हुन सक्छन् । तिमी र तिम्रा पहिचानले देशको पहिचान विश्वजगतमा रहनेछ । यही हो यी हरफहरूको सार पनि । यही तथ्यलाई माधवप्रसाद घिमिरेले अभिव्यक्त गरेका छन् ।

**स्वदेशलाई माया गर :** एक करोड चालीस लाख तिरेर अवैध तरिकाबाट अमेरिका प्रवेश गरेका एउटा युवकको बोरा बोकेर नेपाल प्रवेश गरेको चित्रले सामाजिक सञ्जालमा सबै नेपालीलाई विस्मातमा राख्यो । उनी आफ्ना सपनालाई साकार पार्न अमेरिका छिरेका थिए । उनका मात्र नभएर परिवार, इष्टमित्र, आफन्तका सपना तीसँग गाँसिएका थिए । ती सपनाको महललाई डोनाल ट्रम्पको सनकी निर्णयले समाप्त पारिदिएको छ । अवैध रूपमा अमेरिकामा बसेका कुनै पनि देशका नागरिकलाई उनीहरूकै देशमा फिर्ता पठाउने उसको उद्देश्यले धैरैका सपनालाई निरुद्देश्य र कर्तव्यरहित बनाएको देखियो । सामाजिक सञ्जाल र समाचारमा देखिएको यो दृश्य सारै कहालीलाग्दो थियो ।यस्तो दृश्यले सबै नेपालीका आँखा रसाए पनि । तिनका सपनाको महल भताभुङ्ग भएको छ । यीसँगै स्वदेश फिर्ता आएका नेपालीको हालत पनि उस्तै होला ? तर करोड तिरेर विदेशको भूमिमा गएका उनीहरू र उनीहरूसित गाँसिने सबै सपनालाई विदेशी भूमिले समाप्त पारिदिएको छ । यही हो विदेशको भूमिमा रहेका नेपालीको हविगत । आज त अमेरिकाले मात्र यसो गरेको छ । सबै देशले आगामी दिनमा यसै गरिदिए कति नेपालीका सपना समाप्त होलान् खोइ ?

उनीहरू उदाहरणमात्र हुन् । उनीहरू सहित कति नेपालीको हालत यही भएको देखिन्छ । विदेशी भूमिमा सपना बोकेर गएका नेपालीले जुन अवस्था भोग्नुपरेको छ त्यसले नेपालीको पहिचानलाई गतिशील बनाउन सकेको देखिएन । हुन त विदेशमा बसेर नेपाली, नेपालको राजनीति र नेपालको वर्तमान अवस्थालाई सत्तोसराप नगर्ने मानिस पनि नभएका होइनन् । उनीहरूले बिहानै उठेर देशको हालत र देशको अवस्थालाई सत्तोसराप नगरेका होइनन् । उनीहरूलाई मानौं राज्यले नै पठाएको जस्तो । आफ्नो इच्छा र चाहनाले विदेशमा गएका उनीहरूले कानुनी राज्यको राजनीति, पसिनाको मूल्य पाएका छन् । विद्यार्थी जीवनमा नै धन कमाउन सक्ने अवस्थालाई भोगेका छन् । त्यसैले नेपालको राजनीतिलाई देखेर सत्तोसराप गर्नुलाई नेपालप्रतिको माया भन्ने जमातको अभाव पनि कम छैन । देशले केही दिएन र विदेशिनुपरेको रटान तिनका जिब्रामा झुण्डिरेको देखिन्छ । आजका युवा सदा सपनाको महलमा बाँचेका छन् । तिनका सपना साना छैनन् । उनीहरूका चाहलाई आजको नेपालमा दिइने सरकारी तलबले पूरा गर्न सक्दैन । ती सपनालाई साकार पार्न कुदेका छन् आजका युवा विदेशी भूमिमा तर सपनाको महल भत्किएको छ । आफ्नो चाहनाका महल धराशायी बनेका छन् तर पनि ती युवा नेपालको गणतन्त्र र देश हाँकिरहेका नेतालाई गाली गर्न पछि परेका छैनन् । अध्ययनलाई प्राथमिकता दिने हाम्रो देश, पढाइ सकेरमात्र जागिर खानुपर्दछ भन्ने हाम्रा अभिभावक, धेरै पढेर ठूलो जागिर खाने आजका युवाका अभिलाषालाई नेपालको आर्थिक व्यवस्थाले साकार पार्ने अवस्था दिँदैन । अध्ययन गर्दागर्दै आधा उमेर बिताएका युवा केही गर्न सकिएन भन्ने पश्चातापमा रुमलिएका हुन्छन् । सपना, चाहना र इच्छालाई पूर्णता दिन नसक्ने देशमा उसले आफूलाई सुरक्षित गर्दैन । त्यसैले विदेशी भूमिमा अध्ययन र कामदारका लागि जाने भावनालाई मनमा गाँसेर बसेका हुन्छन् तर सपनाको महल बन्न नपाउँदै भत्कियो भने के होला ? यस तथ्यलाई तिनले बुझेका छैनन् । हुन त नेपालमा बसेर छोराछोरीले आफ्नो व्यवहार धानेका छन् भन्ने हो भने तिनका छोराछोरीले केही गर्न सकेनछन् भन्ने समाज हो यो । विदेशका गल्लीमा छोराछोरी भौंतारिएका भए पनि मेरा त सन्तान विदेश छन् भन्ने आमाबुबाको देश हो यो । विदेशमा नखाएर कमाएको पैसाले किनेर पठाएको उपहार अरूलाई देखाएर ठूलो हुने समाज हो यो । यही समाजको नियति र पाराले आजका नेपाली युवा विदेशका गल्लीमा अन्यमनस्क बनेर रमेको देखिन्छ ।

**समाज सुधार :** समाजमा सुधार आवश्यक छ । पुरानो पुस्ताले समाजलाई सुधार गर्न सक्दैन । पुरानो पुस्तामा आफूभन्दा मान्नेलाई सम्मान आफूभन्दा तलकाप्रति आशीष छ । समाजको संस्कार र परम्परामा परिवर्तन गर्नुहुँदैन भन्ने सोच छ । राजनीतिमा छलछाम छ । विदेशको भूमिमा गएर बगाएका पसिनालाई सम्झेर स्वदेश फर्क । हाम्रो देशलाई प्रकृतिले संसारको उच्च दर्जामा राखेको छ । प्रकृति र हिमालको मनमोहक दृश्यले तिमी युवालाई नलोभ्याए पनि विदेशीलाई लोभ्याएको छ । विदेशको भूमिलाई छोडेर स्वदेशमा फर्क ।यो देशमा केही गर्न बाहिरबाट मगाउनु पर्दैन । माटो हामीसित छ । पानी हामीसित छ । बिजुली हामीसँग छ । हामी आफू मिहिनेत गरेर यो देशमा जे पनि उत्पादन गर्न सक्छौं । नेपालको सबै ठाउँको माटो मलिलो छ । जे फाले पनि उब्जनी हुन्छ । उत्पादन भएको सामानले आज बजार पाएको छ । जुम्लाको स्याउ काठमाडौंमा पाइन्छ । जुम्लाको मार्सी चामलले काठमाडौंमा बजार पाएको छ । यो देशमा संसारमा नपाइने जडिबुटी छन् । तिनलाई संशोधन गरेर बेच्न सक्यौं भने तिमीहरूका सपनालाई साकार पार्ने क्षमता छ । नेपालमा भएका युवाले आफूलाई राजनीतिमा सक्रिय बनाएका छन् तर राजनीतिमा छाएको आफन्तवादको भने विरोध गर्न सकेका छैनन् । बाहिरिएका युवाले देशको राजनीतिका कारण आफू विदेशिनुपरेको तितो सत्यलाई बाहिर ल्याएका छन् । तिमीहरूको पसिनाको मूल्य यो भूमिलाई आवश्यक छ । तिमीहरूको मिहिनेत यहाँ आवश्यक छ । विज्ञान र प्रविधिमा हामी कमजोर हौंला तर प्रकृतिको मनमोहक क्षमतामा हाम्रो देश पहिलो नै छ । आओ यो देशका बारी, खेत र खलियानमा पसिना पोख । गाउँगाउँमा हुने भ्रष्टाचारको विरोध गर । राजनीति सेवा हो भनेर सम्झाओ । समाजमा हुने गरेको अतिवादको विरोध गर । राम्रा कामलाई प्रशंसा गर र काम गर्ने अवसर दिने प्रयासमा लाग । यदि यसो गरियो भने यो देशले तिमीहरूलाई विदेशमा पाउने पारिश्रमिक दिनेछ । आओ जुटौं । एक बनौं । तिमीहरूको र तिमीहरूभित्रको क्षमतालाई विकासशील देशमा जस्तै खर्च गरौं र देशलाई बनाउने उद्देश्यमा समर्पित गरौं । माधवप्रसाद घिमिरेले भने जस्तो क्षमता तिमीहरूसित छ । काललाई पनि पर सार्नसक्ने वीरताको पहिचान तिमीहरूमा छ । हिमाल, पहाड र तराईको समतल भूमि हामीसित छ । हरेक नेपालीका सपनालाई साकार पार्ने मलिलो भूमि हामीसित छ । आओ एकजुट बनौं । देशको हितमा आफूलाई समर्पित गरौं । एक करोड तिरेर बोरा भिरेर अब कुनै पनि नेपालीलाई फर्कनु नपरोस् । विदेशी भूमिमा अवैध रूपमा बसेको बिल्ला भिर्नु नपरोस् । अब स्वदेशमा नै फर्किऔं कि ? स्वदेशमा भएका नराम्रा पक्षको विरोध गरौं । राम्रा पक्ष र कामलाई स्वीकार गरेर देशलाई गतिशील र विकासशील बनाऔं । वीरको भूमिमा जन्मेका तिमीहरू अवैध नबन । सगरमाथाको देशका वासिन्दा तिमीहरू कमजोर छैनौ । तिमीहरूभित्रको कमजोरी हटाओ । देश र देशको माटोलाई सम्झेर फर्क बाबु हो ! आओ नानी हो !

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सजिलै लक्ष्यमा पुग्न सकिनेछ। प्रतीक्षा गरिएको कार्यमा राम्रो प्रतिफल मिल्नेछ। | **तुला** : मनमुटाव थियो भने सुल्झिनेछ। माताको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। |
| **वृष** : कार्यक्षेत्रमा सफलता मिल्नेछ। आयस्रोत का नयाँ अवसरहरू जुट्नेछन्। | **वृश्चिक** : धैर्य र पराक्रममा वृद्धि हुनेछ। सामाजिक गतिविधिमा व्यस्त रहनुहुनेछ। |
| **मिथुन** :कार्यक्षेत्रमा नयाँ अवसरहरू मिल्नेछन्। स्वास्थ्यप्रति सचेत रहनुहोस्। | **धनु** : लगानी बाट लाभ मिल्नेछ। नयाँ नोकरीको खोजमा सफलता मिल्नेछ। |
| **कर्कट** : करियर बनाउने नयाँ अवसर मिल्नेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। | **मकर** : ठेकापट्टा सम्बन्धी काममा सफलता मिल्नेछ। प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। |
| **सिंह** : स्वास्थ्यमा ध्यान दिनुपर्ने हुन्छ। सवारी साधन चलाउँदा सावधान रहनुहोला। | **कुम्भ** :नयाँ अवसरहरू मिल्नेछन्। कुनै पुराना साथीसँग भेटघाट हुने योग छ। |
| **कन्या** : मन प्रसन्न रहनेछ। ईर्ष्या वा अहंकार मा आएर लाभकारी योजना गुमाउनु पर्ला। | **मीन** :कार्यबाट सन्तुष्ट रहनेछन्। विद्यार्थीहरूमा तर्कशक्तिमा वृद्धि हुनेछ। |

# शिक्षा

## नेपालमा सरकारी जागिर, भारतबाट पीएचडीको प्रमाणपत्र




विभिन्न सरकारी सेवामा कार्यरत कर्मचारीहरूले भारतको विश्वविद्यालयबाट लिएको विद्यावारिधि (पीएचडी) उपाधि शंकास्पद देखिएको छ । तीमध्ये चार जनाको पीएचडी उपाधिसम्बन्धी विवरणमा गम्भीर शंका उठेको हो । उनीहरूले भारतको मेवार विश्वविद्यालयबाट पीएचडी लिएका थिए । पीएचडीको आधारमा त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रम विकास केन्द्रक्षता प्रदान गरेको थियो । तर, उपाधिहरू नक्कली रहेको आशंका गर्दै उजुरीहरु परेका छन्। ती व्यक्तिहरू नेपालमै कार्यरत रहँदा कार्यालयमा हाजिर देखिएका थिए, तर त्यही समयमा भारतको विश्वविद्यालयबाट पीएचडी उपाधि लिएको पाइएको छ । पीएचडी लिनेमा सुशीला (देवकोटा) भण्डारी, सरस्वती शर्मा पौड्याल, सिर्जना पन्त र सुमन कमल पराजुली रहेका छन्। भण्डारी र पौड्याल दुवैजना सानोभऱ्याङस्थित नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान ( एनएआईएचएस) मा नर्सिङ पेशामा कार्यरत छन्। उनीहरूले मेवार विश्वविद्यालयबाट नर्सिङ विषयमा पीएचडी लिएका थिए र त्यसै आधारमा समकक्षता प्राप्त गरेका थिए । पन्त राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडमा कार्यरत छन् । उनले 'डाक्टर अफ फिलोसफी इन म्यानेजमेन्ट एण्ड कमर्स' विषयमा पीएचडी गरेकी छन् । पाठ्यक्रम विकास केन्द्रले उनलाई २०८० असोज १५ गते, र भण्डारी तथा पौड्याललाई २०८० असोज २२ गते समकक्षता प्रदान गरेको थियो । पराजुलीले भने सिंघानिया विश्वविद्यालयबाट पीएचडी उपाधि लिएका छन् । उनी शंकरदेव क्याम्पसमा सहायक प्राध्यापक पदमा कार्यरत छन्। अध्ययनका लागि पूर्व स्वीकृति लिए पनि वास्तविक अध्ययन नगरी झुटो विवरण पेस गरेको स्रोतले जनाएको छ । उनीहरूले सबैजना नेपालमै कार्यरत रहँदा हाजिर देखिएका छन्, तर सोही समयमा भारतबाट पीएचडी उपाधि लिएको दाबी गरेका छन्। भारतको विश्वविद्यालय अनुदान आयोगको मापदण्ड अनुसार पीएचडीको लागि कम्तीमा एक वा दुई सेमेस्टर विश्वविद्यालयमै उपस्थित हुनुपर्ने हुन्छ । तर उनीहरू सबैको हाजिरी नेपालमै देखिएको छ । जब पाठ्यक्रम विकास केन्द्रले यसबारे स्पष्टीकरण माग्यो, उनीहरूले अनलाइनमार्फत पढेको दाबी गरे । केन्द्रले त्यसबारे प्रमाणस्वरूप भिडियो क्लिप माग्दा अहिलेसम्म पेस गर्न सकेका छैनन् । केन्द्रले उनीहरूबाट 'विदेश गएर पढेको हो' भन्ने कबुलियतनामा संकलन गरी त्यसैको आधारमा समकक्षता प्रदान गरेको हो। तर, केन्द्रको स्रोतका अनुसार प्रमोसनका लागि झुटो कबुलियतनामा पेस गरिएको छ । सिंघानिया विश्वविद्यालयबाट पीएचडी लिएको विषयमा दुई व्यक्तिविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि उजुरी परेको छ । उजुरीपछि अख्तियारले त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रम विकास केन्द्रलाई पत्राचार गरेको थियो र केन्द्रले लिखित जवाफ पेस गरिसकेको छ । भारतको विश्वविद्यालय अनुदान आयोगले सिंघानिया लगायत केही विश्वविद्यालयहरूलाई कालोसूचीमा राखेको छ । मान्यता दिने प्रक्रिया पाठ्यक्रम विकास केन्द्रले विदेशका विश्वविद्यालयबाट उपाधि प्राप्त गरेका व्यक्तिहरूलाई समकक्षता वा मान्यता दिने गर्दछ । सूचीमा रहेका विश्वविद्यालयको हकमा आवश्यक कागजातकै आधारमा प्रक्रिया पूरा हुन्छ। नयाँ विश्वविद्यालय र नयाँ पाठ्यक्रमका लागि सम्बन्धित डीनको कार्यालयबाट राय लिएर शिक्षाध्यक्षको अध्यक्षतामा रहेको बोर्डले निर्णय गर्छ । भण्डारी र पौड्यालको हकमा चिकित्सा शिक्षा अध्ययन संस्थान (आईओएम) ले 'चिकित्सा शिक्षा दुरशिक्षा प्रणालीबाट प्राप्त गर्न नमिल्ने' स्पष्ट राय दिएको थियो। त्यस आधारमा २०७६ असार २३ गतेको बोर्ड बैठकले उनीहरूलाई समकक्षता नदिने निर्णय गरेको थियो। तर पछि उनीहरूले विदेशमै गएर अध्ययन गरेको कबुलियतनामा पेस गरेपछि केन्द्रले २०८० असोज २२ मा समकक्षता नभई मान्यता प्रदान गरेको थियो । पन्तको हकमा डीन कार्यालयले उनका उपाधिलाई समकक्षता दिन सकिने राय दिएको थियो । त्यसपछि बोर्डले २०७९ साउन २ गतेको बैठकमा गाइड र प्लेगरिज्म रिपोर्ट हेर्ने निर्णय गरी, अन्ततः २०८० असोज १५ मा समकक्षता प्रदान गरिएको थियो । उनीहरूले 'हामी त्यही बसेर पढेको हो' भनेर कबुल गरेको आधारमा केन्द्रले समकक्षता तथा मान्यता दिन पुगेको जनाएको छ । उनीहरूले आफू उतै गएर अध्ययन गरेको भन्दै कबुलियतनामा पेस गरेका कारण अहिले यो विषयमा केन्द्रले आन्तरिक छानबिन अगाडि बढाएको छ । तर, अहिलेसम्म आवश्यक प्रमाण पेस गर्न सकेका छैनन् ।

*-रातोपाटी डटकम*

## बाल श्रमिकमुक्त बनाउन प्रयास जारी

"बुबा बितेपछि म बिहान-बेलुका पशुपतिमा खादा बेच्ने काम गर्न थालेँ"-सर्लाहीमा जन्मिएर हाल तिलगङ्गामा बस्ने १२ वर्षीय सावित्रीले भनिन्, "बिरामी आमा अरुको घरका काम गर्न जानुहुन्छ, म पनि आमालाई सघाउन जान्छु ।"शारदा माध्यामिक विद्यालय तिलगङ्गामा कक्षा ७ मा पढ्ने सावित्रीको तीन वर्षअघि बुबा बित्नुभयो । परिवारमा आमा, दुई दाजु र दुई दिदीबहिनी छन् । उनका बुबाले कपाल काट्ने सानो सैलुन खोलेका थिए । "बाबा बितेपछि त्यो पसलमा मामाले कपाल काट्नुहुन्छ, बाबा बितेपछि घरमा खानाकै समस्या हुन थाल्यो"-उनले बाल्यकालमा आफूले भोगेका दुःख सुनाउँदै भनिन, "खानका लागि थोरै पैसा जुटाउन म बिहान-बेलुका खादा बेच्ने काम गर्न थालेँ । फुर्सद्को समयमा आमासँग अरुको घरको काम गर्न जान्छु ।" सावित्रीलाई सानैदेखि बेलाबेला नराम्ररी छाती दुःख्छ । तर उनले आमालाई चिन्ता लाग्छ भनेर दुख्यो पनि भन्दिनन् । "मेरो बेलाबेला छाती दुःख्छ, आमा मधुमेहको बिरामी हो, चिन्ता लाग्ला भनेर भन्दिन,"उनले आफ्नो पीडा सुनाउँदै भनिन्, "पढेर भविष्यमा नर्स बनेर बनेर पैसा नभएका बिरामीको उपचार गर्न मन छ । हेरौँ भविष्यले कता डोऱ्याउँछ ।" दिउँसो पढ्न जाने बिहान-बेलुकी काम गर्ने सावित्रीजस्तै जनकपुर घर भई पशुपति परिसरमा बस्ने १४ वर्षीय राजीवको पनि अवस्था उस्तै छ । "हजुरबुबा निकै वृद्ध हुनुहुन्छ, तैपनि खानाका लागि पशुपतिमा माग्न बस्नुहुन्छ, म पनि बिहान-बेलुका हजुरबुबासँगै माग्न बस्छु" राजीवनले आफ्नो बाल्यकालको दुःख सुनाउँदै भने, "हजुरबुबालाई कुष्टरोग लागेको छ, हजुरआमाको ढाडमा स्टिल राखेको छ, राम्रोसँग काम गर्न सक्नुहुन्न," उनले थपे, "कुष्टरोग लागेको हुनाले हजुरबुबा त्यति राम्रोसँग हिड्न सक्नुहुन्न, म नै डोहोऱ्याएर विस्तारै बिहान लगेर माग्न राख्छु, दिउँसो खाजा खाने समयमा गएर हजुरबुबाई चिया बिस्कुट खुवाउँछु, बेलुका घर लिएर जान्छु ।" राजीवको दैनिकी यसरी नै बितिरहको छ । उनी जसोतसो गरेर ८ कक्षामा शारदा माध्यामिक विद्यालय तिलगङ्गामा पढ्दैछन् । भारतबाट सानैमा नेपाल आएका सुनिताको परिवार पनि तिलगङ्गा नजिक बस्दै आएका छन् । नौ वर्षकी सुनिता कक्षा ३ मा पढ्छिन् । उनको आमा बिरामी हुनुहुन्छ । बुबाले फोहोर सङ्कलन गर्ने कवाडीको काम गर्छन् । बालश्रमविरुद्ध विश्व दिवस सन् २००२ देखि मनाउन सुरुवात गरिएको हो । निकृष्ट प्रकारको बालश्रमबिरुद्ध अन्तरराष्ट्रिय श्रम सङ्गठनको महासन्धि १८२ लाई अनुमोदन गरेको स्मरणमा हरेक वर्ष जुन १२ अर्थात् आजलाई अन्तरराष्ट्रिय बाल श्रमविरुद्धको दिवसका रूपमा विश्वभर नै मनाउने गरिन्छ । यसवर्ष 'प्रगति स्पष्ट छ तर अझ धेरै गर्नुछ, प्रयासको गति बढाउ' भन्ने नाराका साथ नेपाललगायत संसारभर नै यो दिवस मनाइँदैछ । *-रासस*

## नि:शुल्क शिक्षा : हुनेसँग लिने, नहुनेलाई दिने




नेपालको संविधानमा आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क हुने व्यवस्था छ । माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने भनिएको छ । त्यही व्यवस्था अनुसार २०७५ मा अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन पनि बन्यो । सामान्यत: संविधान अनि कानून अनुसार नि:शुल्क भनेपछि शुल्क लिन पाइँदैन भन्ने बुझिन्छ । अनिवार्य तथा नि:शुल्क शिक्षा ऐनले पनि शुल्क लिन नपाइने भनेको छ । यो व्यवस्था कार्यान्वयनका क्रममा केही प्रश्नहरू छन् । निहुँ खोज्ने कि समाधान खोज्ने भन्ने मुख्य प्रश्न हो । निहुँ खोज्ने हो भने एक रुपैयाँ पनि लिन पाइँदैन भन्न पाइन्छ । समाधान खोज्ने हो भने देशमा पैसा छैन, लिन पाइन्छ भन्नुपर्ने अवस्था छ । अनिवार्य तथा नि:शुल्क व्यवस्थाको समाधान खोज्ने हो भने केही विकल्पहरू छन् । ती विकल्पहरूमा छलफल गर्नुपर्छ ।

**विपन्नलाई नि:शुल्क, हुने-खानेलाई शुल्क :** चीनमा पनि शिक्षा नि:शुल्क हुने व्यवस्था छ । उसले गरिबसँग पैसा लिँदैन । त्यसमा पनि दुई वटा शीर्षकमा शुल्क नलिने व्यवस्था छ । एउटा खाजामा अर्को यातायातमा । त्यसैगरी अपाङ्गता भएकालाई सरकारले सहुलियत दिन्छ । नेपालका कम्युनिष्टलाई पनि चीनले यसो गर्छ भनेर ध्यानाकर्षण गराएको हो तर सुनेनन् । समाधान गर्ने हो भने हुनेसँग पैसा लिने, विपन्नलाई दिने मोडेलमा जान सकिन्छ । नेपालमा कतिपय नगरहरू सक्षम छन् । उनीहरूलाई पैसा नदिए पनि हुन्छ । ती पालिकालाई दिने पैसा दुर्गम क्षेत्रमा पठाएर गरिबलाई पढाउन सकिन्छ । यसरी पनि नि:शुल्क गर्न सकिन्छ ।

**तीन तहको साझेदारी :** तीन तहको सरकार छ– संघ, प्रदेश र स्थानीय तह । शिक्षालाई नि:शुल्क गर्ने नै हो भने तीन तहको सरकारले निश्चित प्रतिशतमा बजेट छुट्याउनुपर्छ । जस्तै: अमेरिकाको संघीय सरकारले २५ प्रतिशत, प्रदेश सरकारले पनि २५ प्रतिशत र स्थानीयले ५० प्रतिशत लगानी गर्छ । हामी पनि तीन तहको सरकारले कति प्रतिशत लगानी गर्ने हो ? त्यो विकल्प खोजौं ।

**अरूको बजेट कटौती :** पैसा नभएको देशमा ठूला कुरा गरेर कहीं पुगिदैन । देश तलब खुवाउन ऋण लिनुपर्ने परिस्थितिमा छ । यो परिस्थितिमा कि स्वास्थ्यको, कि विकासको बजेट कटौती गर्नुपऱ्यो । अथवा पुलिस वा सेनामा कटौती गरेर शिक्षामा लगानी बढाउनुपऱ्यो । संघीय र प्रदेश सांसदलाई महिनैपिच्छे तलब दिइन्छ, त्यो परिपाटी गलत भयो । उनीहरूलाई तलब होइन भत्ता दिनुपर्छ । पालिका र वडामा पनि त्यही हो । संघ र प्रदेशका सांसदलाई अनेक सुविधा आउँछ । त्यो पैसा बजेट शिक्षामा लगानी गर्नुपर्छ र नि:शुल्क बनाउनुपर्छ । शिक्षक व्यवस्थापन पनि अर्को सवाल हो । धेरै भएको ठाउँबाट अर्को ठाउँमा शिक्षक पठाउनुपर्छ । उदाहरणका लागि हिमाल र शहरमा धेरै शिक्षक छन् । त्यहाँबाट झिकेर मधेशमा पठाउनुपऱ्यो । यसरी गर्ने हो भने समाधान निस्कन्छ । राज्यले आफ्नो प्राथमिकता र विकल्प यो हो भनेर स्पष्टसँग भन्न सक्नुपर्छ । पैसा नभएको देशमा ठूला कुरा गर्नुको साटो समाधानमुखी विकल्प दिनु उचित हो । अन्तर्राष्ट्रिय संघ-संस्थामा प्रतिबद्धता जनाए अनुसार नि:शुल्क शिक्षा भनेर संविधान र ऐन लेखियो । तर अर्थतन्त्र कस्तो हुन्छ भन्ने थाहा भएन । अब शिक्षा नियमावलीमा 'हुनेसँग लिने नहुनेलाई दिने' भनेर लेखिनुपर्छ । अन्तर्राष्ट्रिय मान्यता पनि यही हो । यहाँ विद्यालयहरूले नि:शुल्क भने पनि उनीहरूले पैसा लिएका छन् । लिएको पैसा पारदर्शी हुनुपर्छ । विद्यार्थीलाई चिट काट्नुभएन । अभिभावकलाई चिट काट्न कसैले रोकेको छैन । तर, विद्यार्थीबाट शुल्क भनेर लिनु गैरकानूनी हो । सहयोग पैसा लिनु राम्रै हो । संविधानले विद्यार्थीबाट शु:ल्क नलिने भनेको हो । यसको अर्थ अभिभावकबाट त सहयोग लिन पाइयो नि ! पैसा नै राज्यसँग छैन भने कसरी नि:शुल्क हुन्छ ? तर कसलाई कतिसम्म नि:शुल्क गर्ने भन्ने स्पष्ट हुनुपर्छ ।

*-अनलाइन खबर डटकम*

## प्रभावकारी बन्दै 'सिक्दै कमाउँदै' कार्यक्रम



यहाँका सामुदायिक विद्यालयमा 'सिक्दै कमाउँदै, कमाउँदै सिक्दै' कार्यक्रम प्रभावकारी बनेको छ । पढाईसँगै जीवनपयोगी सीप सिकाउने लक्ष्यका साथ गण्डकी प्रदेश सरकारले सुरु गरेको कार्यक्रमप्रति पछिल्लो समय विद्यार्थीको आकर्षण बढेको हो । विद्यार्थीलाई विज्ञान विषयमा अभिरुचि जगाउँदै भविष्यमा वैज्ञानिक उत्पादन गर्ने कार्यक्रमको लक्ष्य रहेको गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालयका निर्देशक घनश्याम पौडेलले जानकारी दिए । उनकाअनुसार जेहेन्दार, विपन्न एवम् सीमान्कृत वर्गका विद्यार्थीलाई शिक्षासँगै रोजगारीको अवसर सिर्जना गर्न प्रदेशका ३४ वटा सामुदायिक विद्यालयमा सो कार्यक्रम सञ्चालन गरिएका छन् । "पठनपाठनसँगै सीप प्रदान गरी आत्मनिर्भर बनाउने कार्यक्रमको मुख्य उद्देश्य हो", उनले भने, "कार्यक्रमले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा वृद्धि र आर्थिक स्तरीकरणसमेतमा सहयोग पुग्ने विश्वास छ ।" उक्त कार्यक्रममा दुई हजार ५०० विद्यार्थीले सहभागिता जनाएका छन् । प्रदेश सरकारको कार्यविधिअनुसार कार्यक्रम सुरुको अवस्थामा प्रत्येक विद्यालयलाई पाँच लाख रुपैयाँ र त्यसपछि प्रतिवर्ष दुई लाख रुपैयाँका दरले आर्थिक सहयोग गरिँदै आएको निर्देशक पौडेलले बताउनुभयो । प्रदेशका ३६ वटा सैंय निर्वाचन क्षेत्रमा एक/एक 'स्टिमल्याब' स्थापना गरी सो कार्यक्रम सञ्चालन गरिएका छन् । नवलपुर जिल्लाको देउचुली नगरपालिकास्थित भिमसेन आदर्श माविमा उक्त कार्यक्रम अन्तर्गत विद्यार्थीले नौमती बाजा एवम् मौरीपालन गरी आयआर्जन गरेको मन्त्रालयका उपनिर्देशक ऋषिराम बास्तोलाले जानकारी दिऐ । कार्यक्रम सञ्चालन भएसँगै सो विद्यालयमा यसवर्ष १५० जना विद्यार्थी नयाँ भर्ना भएको विद्यालयले जनाएको छ । बास्तोलाले भने, "प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका सामुदायिक विद्यालयमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने, लक्षित समुहका विद्यार्थीको उच्च शिक्षामा पहुँच विस्तार र तह पुरा गर्ने दर बृद्धि गर्न छात्रवृत्ति कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।" विद्यालयले विद्यार्थीको सैद्धान्तिक ज्ञानलाई सीपसँग जोड्ने काम गरिरहेका छन् । विद्यार्थीलाई सिकेका ज्ञान प्रयोगमा उतार्न विद्यालय हाताभित्र तरकारीखेती, हस्तकलाका सामग्री उत्पादन, पशुपालनलगायत गर्दै आएका छन् । कक्षा ६ देखि १२ सम्मका विद्यार्थी कार्यक्रममा सहभागी गराइएको छ ।

*-रासस*

# जसले च्यातिएको झण्डा फेरे



**पाल्पा,** असार १/जिल्लाको तानसेन नगरपालिका-५ छापथोक गुर्जुडाँडामा केही वर्षअघिदेखि राष्ट्रिय झण्डा फहराई रहयो । तर झण्डाको अवस्था हेर्दा उदेक लाग्दो नै थियो । किनकि राष्ट्रिय झण्डा धुजा-धुजा भई च्यातिएको अवस्थामा थियो ।

जिल्लाकै सदरमुकाममा रहेको ठाउँमा राष्ट्रिय झण्डा च्यातिँदासमेत यहाँको स्थानीय सरकार, राजनीतिक दल, कर्मचारीहरुको ध्यान तान्न सकेन् वा, उनीहरु हेरेर पनि नजरअन्दाज गरिरहे । देशकै प्रतिष्ठाको विषय रहेको राष्ट्रिय झण्डामा कसैको पनि चासो नपुगेका बेला यहाँका एक युवाले भने उक्त च्यातिएको झण्डा फेरेका छन् । राष्ट्रप्रेमीको नामले परिचित बगनासकाली गाउँपालिका -८ बराङ्दीका २२ वर्षिय सुशिल बस्यालले च्यातिएको झण्डा हटाएर नयाँ झण्डा गाडेका हुन् । सामाजिक अभियन्ता तथा "एक घर, एक लालीगुँरास" अभियानका अभियन्ता समेत रहेका बस्यालले राष्ट्रिय पहिचान बोको झण्डाको अपमान गर्नु दुखद् भएको भन्दै आफुहरुले नयाँ झण्डा लगेर गाडेको एनजेडीलाई बताए । उनले भने "सामाजिक सञ्जालमा च्यातिएको झण्डा सुन्दर डाँडामा लजाइ लजाई फरफराएको देखें, मेरो मनले झण्डाको अपमान भएको देख्न सकेन र एउटा झण्डा लगेर त्यहाँ गाडेर आएको हुँ ।" उनले च्यातिएको झण्डा हटाए पछि सामाजिक सञ्जालमा समेत सकारात्मक टिप्पणीहरु आएका छन् । झण्डा फेर्नका लागि उनले कुनै अनुमति लिएनन् । "झण्डा राष्ट्रको अस्मिता हो, त्यसको अपमान सहन सकिन," बस्यालले भने "यो पहलप्रति स्थानीयवासी तथा सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले प्रशंसा गरेका छन् । च्यातिएको झण्डा फेरिएको छ, तर यस अभियानले केवल झण्डा परिवर्तन गरेको होइन, नागरिक जिम्मेवारी र चेतनाको बहस पनि सुरु गराएको सामाजिक सञ्जालमा टिप्पणीहरु आएका छन् । स्वतन्त्र विद्यार्थी युनियन त्रिभुवन बहुमुखी क्याम्पसका सचिव समेत रहेका बस्यालले गीतमार्फत होस् वा कर्म गरेरै किन नहोस् समाज र देशप्रति सम्मान र चिन्तन व्यक्त गर्दै आएका छन् ।

## खेलकुद समाचार

### अहली र इन्टरले बराबरी खेले



**काठमाडौं,** असार १/फफा क्लब विश्वकप आइतबारदेखि शुरू भएको छ । अमेरिकाको फ्लोरिडामा आइतबार बिहान भएको उद्घाटन खेलमा अल अहली र इन्टर मियामीले गोलरहित बराबरी खेलेका छन् । यो बराबरीसँगै समूह 'ए' मा रहेका दुवै टोलीले एक-एक अङ्क बाँडेका छन् । विश्व फुटबल महासै (फिफा)ले यो वर्षदेखि नयाँ ढङ्गले फिफा क्लब विश्वकप शुरु गरेको हो । सन् २००० देखि फिफाले हरेक वर्ष महादेशीय क्लब प्रतियोगिताको विजेतालाई समेटेर क्लब विश्वकप आयोजना गर्दै आएको थियो । तर यसपटकदेखि प्रतियोगितामा विश्वभरका उत्कृष्ट ३२ टोलीले प्रतिस्पर्धा गर्नेछन् ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्सेमा सामान्य अङ्कले सुधार



**काठमाडौं,** असार १/यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा झिनो अङ्कको सुधार देखिँदा कारोबार रकम बढेको छ । आइतबार नेप्से परिसूचक शून्य दशमलव ४७ अङ्कले बढेर दुई हजार छ सय ५५ दशमलव ८५ को बिन्दुमा कायम भएको हो ।

तीन सय आठ कम्पनीको दुई करोड ५३ लाख ९३ हजार ७६२ कित्ता शेयर ९५ हजार ३७४ पटक खरिदबिक्री हुँदा रु ११ अर्ब ४४ करोड ३२ लाख ७२ हजार ६३६ दशमलव ९४ को कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा विकास बैंक समूह शून्य दशमलव ४८, जलविद्युत् शून्य दशमलव ९६, उत्पादन तथा प्रशोधन एक दशमलव ४७, निर्जीवन बिमा शून्य दशमलव शून्य सात र व्यापार समूह एक दशमलव शून्य आठ प्रतिशतले बढेका छन् भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ४४, वित्त शून्य दशमलव ५९, होटल तथा पर्यटन शून्य दशमलव शून्य छ, लगानी शून्य दशमलव ७६ र जीवन बिमा शून्य दशमलव ५४ प्रतिशतले घटेका छन् । त्यस्तै, लघुवित्त शून्य दशमलव ३१, म्यचुअल फण्ड शून्य दशमलव ४१ र अन्य समूह शून्य दशमलव ४६ प्रतिशतले घटेका हुन् ।ग्रिन डेभलपमेन्ट बैंक लिमिटेड, प्युअर् इनर्जी लिमिटेड र छ्याङ्दी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । नेपाल हाइड्रो डेभलपर्स लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी चार दशमलव ४३ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा बढी सानिमा माई हाइड्रोपावर लिमिटेडको रु ८९ करोड एक लाख बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी ङादी ग्रुप पावर लिमिटेडको २० लाख ७५ हजार एक सय ९७ कित्ता शेयर खरिदबिक्री भएको छ ।

# सक्षम बन्दैछन् तानसेनका...

महिला जनप्रतिनिधीहरु कार्यवाहक वडा अध्यक्षको नेतृत्व गर्न सफल भएकाले आगामी दिनमा जिम्मेवारी पाएको खण्डमा वडा अध्यक्षदेखी नगर प्रमुखसम्मको नेतृत्व लिन सक्षम बनेको तानसेन -५ की लक्ष्मी विकले बताईन् । हाल वडा सदस्यको जिम्मेवारीमा रहेका केही महिला जनप्रतिनिधीहरुले आगामी निर्वाचनमा वडाअध्यक्षको उम्मेदवारी दिने सोंचमा रहेको बताएका छन् । यहाँका १४ वटै वडा अध्यक्षहरुले दिएको कार्यवाहकको जिम्मेवारी सफलतापुर्वक निर्वाह गरेको महिला जनप्रतिनिधीहरुले बताएका छन् ।

**विषयगत समितिको नेतृत्व गर्ने चाहाना:**यहाँका महिला जनप्रतिनिधीहरुले विभिन्न विषयगत समितिको संयोजक पदमा बसेर काम गर्ने चाहाना राखेका छन् । उनीहरुले समितिको संयोजकमा बसेर काम गर्न नगर प्रमुख तथा नगरवोर्डसँग माग गर्दै आएका छन् । यहाँका महिला जनप्रतिनिधीहरुले कुनै पनि विषयगत समितिको संयोजकको जिम्मेवारी पाएका छैनन् । उनीहरुलाई विषयगत समितिको संयोजकको जिम्मेवारी नदिएकोमा नगर प्रमुखप्रति महिला जनप्रतिनिधीहरुले असन्तुष्टि जनाउँदै आएका छन् । "हामी महिला जनप्रतिनिधीहरु विषयबस्तु माथी सही निर्णय र कार्यान्वयन गर्न दक्ष र क्षमतावान छौं तर पनि पटक-पटक विषयगत समितिको संयोजक माग गर्दा पनि जिम्मेवारी नपाउँदा दुःख लागेको छ", वडा नं २ की महिला सदस्य सविता भट्टराईले भनिन् । जिम्मेवारी दिएमा पुरुषले भन्दा राम्रो काम गरेर देखाउथ्यो तर जिम्मेवारी नपाउँदा अन्याय भएको महशुस भएको कार्यपालिका सदस्य मञ्जु विकले बताईन् । महिला प्रतिनिधीहरुको सक्रिय भूमिकाको कारण, समाजमा न्याय मिलेको, कामहरु प्रभावकारी रुपमा भएको, अनियमिता, ढिला सुस्तीमा कमी आएको छ ।

**बैठकमा प्रभावकारी भूमिका**

कार्यपालिका बैठकमा सहभागी हुँदा समेत महिला जनप्रतिनिधीहरु विषयबस्तुमाथी अध्ययन तथा तयारी गरेर पुग्ने गरेका छन् । "कार्यपालिकाको बैठक बस्नु एक/दुई दिन अघि नै बैठकका एजेण्डाहरु मोवाईलमा एसएमएस आउँछ । हामीले प्राप्त गरेका एजेण्डा प्रस्ताव माथी आपसमा छलफल तथा अध्ययन गरेर मात्र बैठकमा जाने गरेका छौं" कार्यपालिका सदस्य मञ्जु विकले भनिन् । पहिले-पहिले हामी विना अध्ययन बैठकमा जाने गरेका थियौं, प्रस्तुत प्रस्तावहरु माथी जिज्ञासा राख्नु भन्दा पनि तालि पिटेर समर्थन गर्दथ्यौ तर अहिले विभिन्न किसिमका क्षमता विकास, तालिम पाएपछि बैंठकका विषयबस्तु माथी अध्ययन गरेर मात्र सहभागी हुने गरेको कार्यपालिका सदस्य विकले बताईन् । नगरका सार्वजनिक सरोकारका विषयहरु सामुहिक रुपमा प्रस्ताव अगाडि बढाउनुपर्ने अवस्था भएमा विषयबस्तुको टुंगो लगाएर मात्र कार्यपालिका बैठकमा सहभागी हुने गरेको उनले बताईन् । पछिल्लो समयमा नगरका अधिकाश प्रस्ताव तथा योजनाहरुमा छलफल गरेर मात्र पास गर्ने गरेको उनले बताईन । सामुहिक रुपमा प्रस्ताव राख्छौ, अन्यथा एकल रुपमा प्रस्ताव माथी संशोधन तथा विविधमा आफ्ना प्रस्तावहरुमा पेस गर्ने गरेको कार्यपालिका सदस्य लक्ष्मी नेपालले बताईन् । तानसेन नगरपालिका भित्र आउने हरेक किसिमका मुद्दा तथा घटनाहरु आपसी छलफल तथा अन्तर्क्रिया र मेलमिलापबाट टुंगोमा पुऱ्याउने गरी काम गर्दै आएको वडा नं. २ की महिला सदस्य एवं कार्यपालिका सदस्य सविता भट्टराईले बताईन् ।

**महिला, अपाङ्ग, दलितका मागहरुप्रति चासो**

महिला जनप्रतिनिधीहरु भएकै कारण महिला, अपाङ्ग, दलितका मागहरु सुनुवाई बढेको छ । केही बर्ष पहिले महिलाका केशहरु कम मात्रामा बाहिर आउन्थे । तर अहिले महिलाका स-साना कुराहरु समेत महिला जनप्रतिनिधीमार्फत सम्वोधन भएपछि नगरका हरेक सामाजिक महिला प्रतिनिधीहरुको सक्रियतामा महिलाका विशेष समस्याहरुलाई ध्यान दिएर काम भएका छन् ।

महिलाको प्रजनन् स्वास्थ्य ,भिआइए परीक्षण, पाठेघर मुखको क्यान्सर तथा स्तन परीक्षण, जेष्ठ नागरिक स्वास्थ्य परीक्षण जस्ता कार्यक्रम प्रत्येक वडा वडामा नियमित रुपमा हुँदै आएको वडा नं. ३ की महिला सदस्य सुनिता श्रेष्ठले बताईन् । सहयोगी बन्दै दलित महिला केन्द्रक्रियाकलापमा महिलाहरुको सहभागितामा बृद्धि भएको छ । नगरभित्रका ठूला-ठूला मेला महोत्सवदेखी आयआर्जनका क्रियाक्लापमा महिलाहरुको सक्रियता बढेको छ । वडाभित्र महिलामैत्री पुर्वाधार, महिला सचेतना, महिला आयआर्जनका कामहरुमा बढेको नगर उप-प्रमुख प्रतिक्षा गाहा सिंजालीले बताईन् । जनप्रतिनिधीमा निर्वाचित भएपछि धेरै काम कुराहरु थाहा थिएन् दलित महिला केन्द्र नेपालले हामी जनप्रतिनीहरुले गर्नुपर्ने क्रियाकलाप, आनिवानी व्यवहारका विषयमा भएको प्रशिक्षणबाट काम गर्न सजिलो भएको कार्यपालिका सदस्य सविता भट्टराईले बताईन् । गाउँबस्तीमा पुगी योजना संकलन, योजनाको प्राथमिकरण ,योजना तर्जुमा चरणको बारेमा महिला जनप्रतिनिधीहरु सक्षम भएका छन् । जनप्रतिनिधीहरुले गर्नुपर्ने काम कर्तव्य, जिम्मेवारीको बारेमा प्रष्ट जानकारी थिएन द एसिया फाण्डेसन र दलित महिला केन्द्र नेपालको सहकार्यमा समय सयमयमा भएका क्षमता विकास कार्यक्रमबाट महिला जनप्रतिनिधीहरुलाई सहयोग मिलेको वडा नं. १० की कार्यपालिका सदस्य अनु रामदामले बताईन् । दलित महिला केन्द्र नेपालले तानसेन नगरपालिकाका महिला जनप्रतिनिधीहरुलाई सार्वजनिक स्थानमा बोली चाली देखी विषयबस्तु केन्द्रित भाषणकलाको विषयमा समेत प्रशिक्षण दिएको छ । संस्थाले सामाजिक क्षेत्रमा हुने नेतृत्व चयन प्रक्रिया तथा चरणहरु, नगर सभा तथा कार्यपालिका बैठकमा महिला कार्यपालिका सदस्यहरूको भूमिका र वडा वडामा महिला वडा सदस्यहरूको भूमिका र जिम्मेवारीहरूको विषयमा क्षमता विकासका कार्यक्रमहरु गर्दै आएको छ । महिला जनप्रतिनिधीहरुको नेटवर्किङ, दिशा निर्देशन, परामर्श नीतिको विषयमा जानकारी, राजनीतिक नेतृत्वमा महिलाहरुको अवस्था र भूमिकाको बारेमा दलित महिला केन्द्रले महिला जनप्रतिनिधीहरुलाई क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दै आएको केन्द्रकी कार्यक्रम अधिकृत निर्मला शाहीले बताईन् । तानसेन नगरको विभिन्न वडा बैठकको योजना र व्यवस्थापनमा परामर्श, योजनाका सात चरणहरूमा परामर्श, मेयर, उपमेयर र वडा अध्यक्षको भूमिका र जिम्मेवारीहरू लगायतका विषयमा महिला जनप्रतिनिधीहरुलाई प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन हुँदै आएको केन्द्रकी कार्यक्रम अधिकृत शाहीले बताईन् ।

**समितिमा महिलाहरुको सक्रिय सहभागिता**

महिला जनप्रतिनिधीहरु नगरपालिकाको विभिन्न विषयगत समितिमा बसेर सक्रियताका साथ काम गर्दै आएका छन् । कार्यपालिका सदस्य लक्ष्मी नेपाल दररेट निर्धारण समितिको सदस्य रहेर काम गर्दै आएकी छन् । सदस्य नेपालले तालिम विना ३ बर्षदेखी नगरको दररेट निर्धारण समितिमा बसेर काम गर्दै आएकी हुन् । उपभोक्ताले बनाएका योजना राम्रो र प्रभावकारी हुन्छन् तर दररेटको कारण अधिकाश योजना कोटेशन तथा टेण्डरबाट गर्नुपर्ने बाध्यता रहेको उनले बताईन् । कार्यपालिका सदस्य लक्ष्मी विक योजना अनुगमन तथा मुल्याङ्कन समितिको सदस्य रहेकी छन् । विकले वार्षिक ३ सयदेखी ४ सय योजनाहरु अनुगमन गर्दै आएकी छन् । प्राविधिक क्षमतादेखी उपकरण, ल्याव टेष्टसम्मको विषयमा काम गर्दै सिक्दै आएकी छन् ।

**नगर प्रमुख बन्ने आकाक्षा**

यहाँका महिला जनप्रतिनिधीहरुले स्थानीय सरकारको निति नियम, कार्यक्रम योजना तथा बजेटका विषयमा विज्ञता हासिल गरेका छन् । हाल कार्यपालिका सदस्यदेखी वडा सदस्यहरुको भूमिकामा रहेका महिला जनप्रतिनिधीहरु आउँदो निर्वाचनमा वडा अध्यक्ष देखी नगर प्रमुखसम्म उम्मेदवारी दिने चाहाना राखेका छन् । अहिले नगरपालिका निर्वाचित महिलाहरु कार्यकारी पदमा नभएकाले आगामी दिनमा कार्यकारी पदमा बसेर जनताको सेवा गर्ने इच्छा उनीहरुको रहेको छ ।

# धुर्कोट-इस्मा...

...धुर्कोट गाउँपालिका-५ वस्तुको यो गुफा पत्ता लागेका तीन दशक बढी भयो तर, संरक्षण र उचित विकास समयमै हुन सकेन । शान्ति प्रक्रियापछि गुफा संरक्षणका केही काम भएका छन् । सदरमुकाम तम्घासबाट ४५ मिनेटमा बिचित्र गुफा पुगिन्छ । मदन भण्डारी राजमार्गअन्तर्गत तम्घास-सिमलटारी खण्डबाट गुफा पुग्न १५ मिनेट लाग्छ । गुफाभित्र फेलापरेका संरचनालाई स्थानीयले सभाहल, रामजानकी आश्रम, शिवालय, स्वर्ग जाने बाटोलगायत नामकरण गरेका छन् । धुर्कोट गाउँपालिकाका अध्यक्ष भुपाल पोखरेलले पुलले धुर्कोटको पर्यटन विकासलाई वृद्धि गर्ने बताए । उनले बाह्य पर्यटकको पनि घुइँचो हुने बिचित्र गुफामा अझै सडकको आवश्यकता रहेको बताए । *-रासस*


# विपद्को पूर्वतयारी गरौं

-सम्भावित जोखिमको मूल्यांकन गरौं,

-भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं,

-सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,

-घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,

-सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,

-खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,

-विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,

-बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

'विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं'

नेपाल सरकार
विज्ञापन बोर्ड


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई